# मकवानपुरगढी गाउँपालिका
# गाउँ कार्यापालिकाको कार्यालय
# मक्राञ्चुली, मकवानपुर
# बागमती प्रदेश, नेपाल

**आ.व.२०७८/०७९ को लागि ढुंगा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ लिलाम बिक्री शुल्कको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आह्वानको सूचना**

## प्रथम पटक प्रकाशित मिति २०७८/०६/०४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अन्तर्गत उपदफा २ को खण्ड घ (६) मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाले उत्खनन गरी राखेको ६ वटा थुप्रोमा भएको नदीजन्य पदार्थ मिति २०७८।५।१३ गते बसेको गाउँ कार्यापालिकाको बैठकको निर्णय अनुसार जे-जस्तो अवस्थामा छ सोही अवस्थामा चालु आ.व.का लागि बढाबढको माध्यमबाट लिलाम ठेक्का बन्दाबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपी, फर्मको हकमा नवीकरण भएको प्रमाण-पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व. २०७७/०७८ सम्म कर तिरेको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित रितपुर्वकको यो ३० दिने बोलपत्र आह्वान गरिएको छ । विद्युतीय माध्यमबाट **सार्वजनिक खरिद अनुगमनको कार्यालयको website https;//ppmo.gov.np/egp** मा रहेको **site** प्रयोग गरी बोलपत्र हेर्न वा समावेश हुन सकिने व्यवस्था समेत मिलाइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइएको छ ।

बोलपत्र फारम दस्तुर रु.५,०००.०० (फिर्ता नहुने गरी)

| सि.न | ठेक्का नं. | ठेक्काको किसिम | शुल्क उठाउन पाउने दर रेट | परमिाण | न्युनतम ठेक्का अंक ( मु.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | MRM/RAJASWA/2078-079 | **ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, रोडा, स्लेटे आदि लिलाम बिकी** | प्रति घनफिट रु. १२ | **३४,७६,२४४। २४ घनफिट** | ४,१७,१४,९३०.८८ | |

प्रस्तावित ठेक्काहरुमा गाउपालिकावाट उत्खनन गरि राखिएको मकवानपुरगढी गाउपालिका वडा नं. ६ को डुम्रेकुना सिरान, निर्माणधिन अस्पताल पछाडी, डुम्रेकुना चौर, सामरी खोला वालुवा उद्योग संगमकवानपुरगढी २ को कुर्ले, र सोल्टीमोड गरी जम्मा ६ थुप्रो वाट जे जस्तो अवस्थामा नदिजन्य पदार्थ थुपारिएको छ त्यस्तो अवस्थामा नै लिलाम विकी गरिनेछ ।

## सर्तहरु

१) बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित मितिले ३० औ दिन अर्थात् मिति २०७८/०७/०२ गते सम्ममा कार्यालय समय वा E- Submission मार्फत खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु ३१ औ दिनको १२:०० बजे अर्थात् मिति २०७८/०७/०३ सम्म यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ | दर्ता भइ आएका बोल्पत्रहरु सोहि दिनको २:०० बजे अर्थात् मिति २०७८/०७/०३ मा यस कार्यालयमा कार्यालयको प्रतिनिधि र बोलपत्रदाताहरु को रोहबरमा खोलिनेछ | प्रस्ताब खोल्ने समयमा बोलापत्रदता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन | साथै बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमस : बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिने छ | साथै E- Bidding मार्फत बोलपत्र पेश गर्न चाहने बोलापत्रदताको हकमा www.bolpatra.gov.np/egp बाट पनि बोलपत्र पेस गर्न सकिने छ |

२) ठेक्काको मान्य अवधि :- लिलाम सकार गरिएको नदीजन्य पदार्थ **२०७८ पुष मसान्तसम्म** बिक्री वितरण गरिसक्नु पर्नेछ ।

३) यस ठेक्का खरिद गर्न इच्छुक फर्म लाई सार्बजनिक खरिद नियमावलीले तोके अनुसारको दुवै माध्यम ( Hard Copy and E- Bidding) लाई मान्यता दिइने छ | हार्ड कापी माध्यम बाट खरिद गर्न इच्छुक फर्मले तोकिएको समय अबधि भित्र यस कर्यलायमा सम्पर्क राख्नुहोला साथै विद्युतीय माध्यमबाट समावेश हुनेले नेपाल वङ्गलादेश बैंक लि., मकवानपुरगढी शाखामा यस कार्यालयको नाममा रहेको राजश्व खाता नं. ०६५०००१३४१ मा बोलपत्र खरिदको लागि तोकिएको दस्तुर दाखिलाको सक्कल भौचर सहितका आवश्यक कागजात समावेश गर्नु पर्नेछ । सोको सक्कल प्रतिलिपीहरु बोलपत्र खोलिए लगत्तै कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

४) बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम सोही नेपाल वङगलादेश वैक लिमिटेड खाता नं. ०६५०००००८४१ धरौटी खातामा जम्मा गरेको संक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको म्याद सकिने दिनबाट कम्तिमा १२० दिन म्याद भएको विड बण्ड समेत बोलपत्रसाथ अनिवार्य संलग्न हुनु पर्नेछ ।

५) बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५(पन्ध्र) दिनभित्र बोलपत्रदाताले न्यूनतम ४०% नगद कार्यालयले तोकिदिएको खातामा जम्मा गरेको सक्कल भौचर तथा बोलपत्रमा उल्लेख भए अनुसारको बाँकी ६०% रकम किस्ता बमोजिम पुष मसान्तभित्र दाखिला गर्नु पर्नेछ । किस्ताको हकमा संझौताका वखत नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकवाट यस कार्यालयको नाममा कम्तीमा **२०७८ माघ मसान्त**सम्म म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी (Performance Bond) सहित संझौता गर्न आउनु पर्नेछ ।

६) बोलपत्रदाताहरुले कवोल गरेको रकमको अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

७) चालु आ.व.का लागि कारोवार योग्य नदीजन्य श्रोतको परिमाण र व्यवस्थापन :- स्वीकृत गाउँपालिकाबाट उत्खनन गरी राखिएको मकवानपुरगढी गाउपालिका वडा नं. ६ को डुम्रेकुना सिरान, निर्माणधिन अस्पताल

पछ्याडी, डुम्रेकुना चौर, सामरी खोला वालुवा उद्योग संगमकवानपुरगढी २ को कुर्ले, र सोल्टीमोड गरी जम्मा ६ थुप्रोबाट नदीजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण गर्नु पर्नेछ ।

८) ठेकेदारका कारण संझौता गर्न ढिलाई भएमा कुनै किसिमको छुट वा मिन्हा दिईने छैन । स्वीकृत परिमाणको अभिलेख गाउँपालिका समेतले राख्नेछ, सो अनुसार उल्लेखित समय अगावै माथि लेखिएका थुप्रो बिक्री भएमा तोकिएको समयावधि अगावै ठेक्का स्वतः समाप्त हुनेछ ।

९) प्राप्त हुन आएका बोलपत्रहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोही दिन यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिने छ । साथै प्रस्ताव खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न कुनै बाधा हुने छैन ।

१०) गाउँपालिकाबाट थुपारी राखेको स्थानभन्दा अन्यत्र स्थानवाट नदीजन्य पदार्थ निकाल्न पाइनेछैन ।

११) गाउँपालिकाले तोकेको समयभित्र नदीजन्य पदार्थ बिक्री बितरण गरिसक्नु पर्ने छ ।

१२) बोलपत्रको वोल कवोल रकम (कर समेत) एकमुष्ठ नगद बुझाएमा ठेक्का अंकको वढिमा १० प्रतिशत सम्म औचित्य हेरी निर्णयानुसार छुट दिईने छ । यसका लागि नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा **२०७८ माघ मसान्तसम्म** म्याद भएको कवोल रकमको ५% ले हुने रकमको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी धरौटी वापत राख्नु पर्नेछ ।

१३) कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४) यस सम्बन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा बुझ्न सकिने छ वा यस कार्यालयको वेव साइट www.makawanpurgadhimun.gov.np मा हेर्न सकिनेछ ।

१५) यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, स्थानीय सरकास संचालन ऐन २०७४ र प्रचलित कानुन बमोजिम हुनेछ ।

१६) **अन्य थप जानकारी को लागि कर्यलाय समय मा यस कर्यलायको प्राबिधिक शाखा को फोन न. ९८५५०४४८३८ मा सम्पर्क राख्न सकिनेछ ।**

**प्रमुख प्रसासकिय अधिकृत**